मिति २०७७/१०/०५ गतेका दिन मकवानपुर जिल्लास्थित सरकारी कार्यालय/संस्थानका प्रमुख/प्रतिनिधि ज्यूहरुको बैंठकबाट भएको निर्णयहरु भयो ।

**निम्नः-**

१. श्री गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) सिंहदरबार, काठमाडौंको प.सं.शा.सु.०७७/०७८/०८, च.नं.२१९४, मिति २०७७/१०/०२ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचन केन्द्रित पूर्व तयारी गर्ने बारेको पत्रको व्यहोरा बैंठकमा छलफल भयो । सो पत्रको बुँदा नं.६ देखि १० सम्म उल्लेख भएका बिषयहरुमा अन्तर निकाय समन्वय, सहयोग एवं सहजिकरणका साथै पूर्व तयारी अवस्थामा राख्ने/राख्न लगाउने ।

२. हेटौंडा उपमहानगरपालिकाको डम्पिङ्ग साइड व्यवस्थित व्यवस्थापन तथा नयाँ स्थानहरुको खोजी गर्ने बिषयमा छलफल तथा अनुरोध गरियो ।

३. विकास निर्माणसँग सम्बन्धित कार्यालयहरुले निर्माण व्यवसायीहरुबाट निर्माण हुने निर्माण कार्यहरुका सम्बन्धमा आइपर्ने समस्याहरु न्यूनिकरण गर्न र सुरक्षाका बिषयमा सरोकारवाला निकायहरुसँग आपसी समन्वय एवं सहयोगका लागि छलफल भयो ।

४. विपद् पूर्व तयारी एवं पूर्वसावधानीका लागि आ-आफ्नो जिम्मेवारीका क्षेत्रमा सबै कार्यालयहरुले आफ्नो सवारी साधन, संयन्त्रहरु र जनशक्तिलाई तयारी अवस्थामा राख्ने ।

५. कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुका सवारी साधनको पार्किङ्ग संभव भएसम्म कार्यालय परिसरभित्र रहेको खाली स्थानहरुमा व्यवस्थित रुपमा गर्ने व्यवस्था मिलाउने ।

६. कार्यालयमा बिचौलियाहरुको प्रवेश निषेध तथा अभिलेख व्यवस्थित राख्ने/राख्न लगाउने व्यवस्था मिलाउने ।

७. जिल्लाको भौगोलिक विकट क्षेत्रहरुमा टेलिफोन सम्पर्क हुन गाह्रो रहेकोले ती क्षेत्रहरुमा रहेको टेलिफोनका टावरहरु मर्मतको व्यवस्था यथाशिघ्र गर्न नेपाल टेलिकमलाई अनुरोध गरियो ।